नेपाल सरकार
# शहरी विकास मन्त्रालय

पत्र संख्या:-
चलानी नं.:-

नेपाल सरकार
शहरी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

फोन नं.: ४२११६७३, ४२११५६०, ४२११८८३
फ्याक्स: ९७७-१-४२००२४६
सिंहदरबार, काठमाडौं, नेपाल ।

visit Nepal 2020 Lifetime Experiences

## प्रेस विज्ञप्ति

ललितपुरको गोदावरीमा निर्माण भएको गोदावरी सनराइज (सम्मेलन केन्द्र) भवनमा पानी चुहिन थालेको भनी सञ्चार माध्यममा प्रकाशित भएको समाचार प्रति यस मन्त्रालयको गम्भीर रुपमा ध्यानाकर्षण भएको छ ।

गोदावरी सनराइज (सम्मेलन केन्द्र) निर्माण सम्वन्धी मुख्य कार्य सम्पन्न भई उद्घाटन समेत भईसकेको छ ।उक्त सम्मेलन केन्द्रको निर्माण/मर्मत सम्भार कार्यको लागि निर्माण व्यवसायी कम्पनीको डि.एल.पी. (डिफेक्ट लायविलिटी पिरियड) को अवधि वाँकी नै रहेकोले यस विषयमा निर्माण व्यवसायीलाई जानकारी गराई सकिएको छ । सञ्चार माध्यममा समाचार प्रकाशन भई जानकारी भईसकेपछि गोदावरी सनराइज (सम्मेलन केन्द्र) को संरचना निर्माण कार्यको समग्र पक्षको अध्ययन र संरचनागत कमी कमजोरी भएको भए सोको जाँचवुझ गरी ३ (तीन) दिन भित्र शहरी विकास मन्त्रालयमा प्रतिवेदन पेश गर्न शहरी विकास तथा भवन निर्माण विभागका उपमहानिर्देशक श्री दिलीप भण्डारीको संयोजकत्वमा ३ सदस्यीय समिति गठन गरी कार्य अगाडि वढाइएको व्यहोरा सम्बन्धित सवैको जानकारीको लागि अनुरोध गरिन्छ ।

धन्यवाद ।

२०७६।३।११

प्रवक्ता

शहरी विकास मन्त्रालय